# CBSE Class 10 Nepali Answer Key 2022(May 21)

SET-4

प्रश्नपत्र कोड – 17 SUBJECT CODE-024

SERIES - ΩQAΩA

**All India Secondary School Examination**

TERM II- 2022

MARKING SCHEME

**GRNERAL INSTRUCTION**

1) Instructions of the marking scheme should be followed carefully.
2) Expected Answer or key answer given in the marking scheme. Evaluators should give marks keeping in view the marking scheme and based on student's answers written in their own words.
3) The value points have been given in right side of each question.

*These answers are meant to be used by evaluators.

collegedunia
India's largest Student Review Platform

**SET-4**

प्रश्नपत्र कोड – **17** **SUBJECT CODE-024**

**SERIES ΩQAΩA**

**TERM II**
**MARKING SCHEME**
**EXPECTED ANSWER / VALUE POINTS**

| | | |
|---|---|---|
| | **खण्ड एक (कथा बिम्ब)** | |
| 1.क. | **टोटलाको फूल र सोनामणिमाझ कस्तो समानता पाइन्छ?**<br>टोटलाको फूल राती नै फुल्छ अनि भमरा, मौरी आदिले त्यसको रस चुस्न नपाई राती नै झर्छ अथवा यो फूल अति नै शुद्ध हुन्छ। त्यस्तै सोनामणि पनि पवित्र र शुद्ध थिई। आफ्नो इज्जत वा चरित्रमा कुनै दाग नलगाइकन उसले जीवन त्यागी।<br>(जसरी टोटलाको फूलले दिउँसोको उज्यालो वा घामको प्रकाश स्पर्श गर्न नपाई झर्नुपर्छ त्यसरी नै सोनामणिले पनि सांसारिक माया, मोह, आनन्द आदि लिन नपाई जीवन त्याग गर्नुपर्‍यो।) | 2 |
| ख. | **लक्ष्मीले मोतीलाई के भनेर ढाँटेकी थिइन्?**<br>तिम्रा बुबाले तिमी र भाइको लागि ब्याङ्कमा धेरै पैसा राखिदिनु भएको छ भनेर लक्ष्मीले मोतीलाई ढाँटेकी थिइन्।<br>अथवा<br>**मोतीले आमालाई के-कस्ता वचनहरू लगाउँथी?**<br>त्यस्तो खान लाउन नसक्नेले जन्म किन दिनुपर्‍यो, पढ़ी पनि दिनु, गोरुजस्तो दलिनु पनि कसले सक्ने भन्ने जस्ता तीखा वचनहरू मोतीले आमालाई लगाउँथी। | 2 |
| ग. | **श्याम कस्तो चरित्र भएको व्यक्ति थियो?**<br>श्याम चरित्रहीन युवक थियो। शहरमा कलेज नगएर युवतीहरूको पिछा गर्दै हिँड्थ्यो औ कति युवतीहरूको इज्जत लुटेर जीवन बर्बाद बनाएको थियो। जमीनदारको छोरो भएकाले उसले आफ्ना कुकर्महरूलाई पैसाले ढाकछोप गर्ने काम गर्थ्यो। | 3 |
| घ. | **प्रायश्चित कथाद्वारा हामी के शिक्षा पाउँछौँ?**<br>हामीले आफ्नो अवस्था अनुसारको जीवनयापन गर्नुपर्छ। मानिस लुगा फाटाले होइन उसको बोलीवचन, शीलस्वभाव, चालचलन, चरित्र आदिले चिनिन्छ। आमा-बाबा अथवा अभिभावकको गरीबीमाथि कहिले पनि तीखो वचन प्रहार गरेर उनीहरूको चित्त दुखाउनु हुँदैन इत्यादि। | 3 |
| | **खण्ड दुइ (प्रतिभा परिचय)** | |
| 2.क. | **डा. घनश्याम नेपालले साहित्यका क्षेत्रमा प्राप्त गरेका कुनै दुइवटा पुरस्कारका नाउँ लेख्नुहोस्?**<br>१) रत्नश्री पुरस्कार, नेपाल २) स्रष्टा पुरस्कार, गेजिङ, ३) दियालो पुरस्कार, दार्जीलिङ, ४) सैनध्वज नन्दकुमारी स्मृति पुरस्कार, नेपाल ५) भानु पुरस्कार, देहरादून, ६) भानु पुरस्कार, सिक्किम।<br>(यी मध्ये कुनै दुई नाम लेख्न सक्नेछन्।) | 2 |
| ख. | **डा. घनश्याम नेपालको जन्म कहिले भएको थियो? उनका कुनै दुइवटा कृतिका नाउँ लेख्नुहोस्।**<br>**जन्मः १३ मार्च १९५९मा।**<br>कृतिः आख्यानका कुरा, नेपाली साहित्यको परिचयात्मक इतिहास, शैली विज्ञान, रूप र रेखाहरू। (यी मध्ये कुने दुई कृतिका नाम लेख्न सक्नेछन्। | 3 |

*These answers are meant to be used by evaluators.

collegedunia.com
India's largest Student Review Platform

| | | |
|---|---|---|
| | सम्पादित कृतिहरूः कथा सागर, कविता सागर, निबन्ध नन्दन, शिखर, समयाङ्कन, दृष्टिकोण मध्ये कुनै दुइ लेखे पनि अंक दिनुपर्ने हुन्छ। | |
| | **खण्ड तीन (साहित्य सुधा)** | |
| 3.क. | **डा. नानोको प्रयोगशालाको नाम के थियो?**<br>डा. नानोको प्रयोगशालाको नाम **भ्रूण विकास केन्द्र**थियो । | 2 |
| ख. | **फेरसको दुःख हटाउन डा. नानोले के काम गरे?**<br>डा. नानोले दिनरात खटेर एक प्रकारको विशेष ग्रोथ हर्मन तयार गरेर भ्रूणलाई विशेष प्रकारले इन्क्युवेट गरी दुई महीनाभित्रमा एउटी पूर्ण रूपमा विकसित युवती तयार पारेर फेरससँग विवाह गराइदिए।<br>**अथवा**<br>**फेरसकी क्लोरिना र डाक्टर नानोले तयार पारेकी क्लोरिनामाझ के भिन्नता पाइन्छ?**<br>फेरसकी प्रेमिका क्लोरिनामा दया, माया, स्नेह आदि मानवीय भावना थियो भने डा. नानोले तयार पारेकी क्लोरिनामा यी कुनै भावना थिएनन्। उ एउटा यन्त्र जस्तो मात्र थिई। | 2 |
| ग. | **कालेकी आमाले बजार जाँदै गर्दा कस्तो निर्णय गरेर ढुक्क मानी?**<br>दिनरात पहिरो र हावाको डरमा बाँचेर गाउँमा नबस्ने, गाई, बाछा कोरलीहरू सबै बेचिदिने, घर, काठपात, टीन,च्यादर लगायत गोठ, बारी सबै बेचिदिने। पाँच छ रूपयेको कोठा लिएर बजारमा बस्ने। आफू चोकमा साग सब्जी बेच्ने, कालेको बाबुले बडईकाम, राज मिस्त्रीको काम अथवा चौकीदार काम गर्ने इत्यादि। | 3 |
| घ. | **कालेकी आमाले अन्तमा गएर के गर्ने विचार गरी? किन?**<br>आपद विपद जहीँ पनि आउँदो रहेछ। अब गाउँमै गएर हावा हुरीले बिगारेका सबै कुरा बनाएर आनन्दसँग गाउँमै खेतीपाती गर्दै बस्ने विचार गरी।<br>अथवा<br>**रातभरि हुरी चल्यो कथाद्वारा कथाकारले के सन्देश दिन चाहेका छन्?**<br>दुःख, आपद, विपद चाहे गाउँमा होस् चाहे शहरमा जहीँ पनि हुन्छ। शहरमा सुख र आनन्द हुन्छ भन्नु भ्रम मात्र हो। | 3 |
| | **खण्ड चार (लेखाइ एवं रचना कौशल)** | |
| 4.क. | **आफू बिरामी भएका कारण तीन दिनसम्म विद्यालय आउन नसक्ने कुरा जनाउँदै आफ्नो विद्यालयका प्रधानअध्यापकलाई एउटा निवेदन पत्र लेख्नुहोस्।**<br>**सम्बोधन र तारीक- अंक 1**<br>**विषय - अंक 1**<br>**पत्रको मुख्य भाग - 2 अंक** | 5 |



collegedunia.com
India's largest Student Review Platform

| | | |
|---|---|---|
| | अन्त गराइ- 1 अंक<br><br>अथवा<br>**बोर्डपरीक्षाको निम्ति शुभकामना दिँदै टाड़ामा रहेको साथीलाई एउटा पत्र लेख्नुहोस्।**<br><br>पठाउनेको ठेगाना र तारीक – 1 अंक<br><br>सम्बोधन-1 अंक<br><br>पत्रको मुख्य भाग- 2 अंक<br><br>अन्त गराइ<br><br>पाउनेको ठेगाना- 1 अंक | |
| ख. | **- भूमिका-1**<br>**- विषयवस्तु -3**<br>**- उपसंहार-1** | 5 |
| ग | नेपालीमा अनुवाद गर्नुहोस् ।<br>**i) Where there is a will there is a way.**<br>जहाँ इच्छा त्यहाँ उपाय।<br>**ii) Barking dog seldom bites.**<br>भुक्ने कुकुरले टोक्दैन।<br>**iii) It has been raining since last evening.**<br>हिजो बेलुकादेखि पानी परिरहेको छ।<br>**iv)You have not sent him to school.**<br>तिमीले/तपाईँले उसलाई पठाएका छैनौ/पठाउनुभएको छैन।<br>**v)I did this work with his permission.**<br>मैले उनको/उहाँको/उसको अनुमतिले यो काम गरेँ। | 1<br>1<br>1<br>1<br>1 |